जन्तेढुङ्गा गाउँपालिका, खोटाङ

गाउँ सभाको १७ औं अधिवेशनमा

गाउँपालिका अध्यक्ष श्री अरुणा देवी राई ज्यूद्धारा प्रस्तुत

# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

जन्तेढुङ्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिसापानी, खोटाङ

कोशी प्रदेश, नेपाल

वि.स. २०८२, असाढ ९ गते मंगलबार

गाउँ सभाका उपाध्यक्ष ज्यू,
गाउँ सभाका सदस्य ज्यूहरु,

२०७९ सालको निर्वाचनमा सम्मानित मतदाताले मतदान गरि निर्वाचित भएपछिको गाउँपालिका अध्यक्षकारूपमा १७ औं गाउँसभालाई सम्बोधन गरिरहँदा मलाई खुसी लागेको छ ।

सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातःस्मरणीय महान् सहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु । यस क्रममा भएका सबै आन्दोलन तथा सशस्त्र संङ्घर्षको नेतृत्व गर्नु हुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै बेपत्ता परिवार घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइ प्रति उच्च सम्मान व्यक्त गर्दछु । प्रत्येक व्यक्तिलाई आफ्नो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धि प्रति गौरव बोध गराउन जनतामा स्थानीय सरकार प्रति आशा र भरोसा पैदा गर्न आर्थिक गतिशीलता बढाउन भ्रष्टाचार नियन्त्रण गर्न र दण्डहीनता अन्त्य गर्न जन्तेढुङ्गा गाउँपालिका प्रतिवद्ध छ ।

आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाको क्रममा गाउँपालिकाको सुझाव सङ्कलन कार्यक्रम आयोजनामा उपस्थित भई आ-आफ्नो राय सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार साथै गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

**"मेरो सपनाको जन्तेढुङ्गा"** गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प, समस्त गाउँपालिका बासीको समृद्धिको चाहना पूरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी लैङगिक समानता र सामाजिक समावेशीकरण, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी नागरिकको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र, समुदाय तथा सहकारीको साझेदारीमा विकास गर्न प्रतिवद्ध छौं ।

गाउँपालिकालाई कृषि र पशुपंक्षीको उत्पादनमा निर्यात योग्य बनाउने, पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, जीवन उपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य र रोजगारीलाई व्यवस्थित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध पूर्वाधार एवम् मानवीय विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ ।

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु,**

सङ्घीय सरकार तथा प्रदेश सरकारको राजश्व परिचालनमा प्रभाव परेकोले स्थानीय तहले पाउनु पर्ने राजस्व तथा वित्तीय हस्तान्तरणको नकारात्मक असर स्थानीय तहमा पनि निरन्तर परि रहेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन १५ सय देखि २ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाइ गम्भीर बनाएको छ । आन्तरिक र बाह्य बसाइसराइका कारण गाउँपालिकाका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ योग्य खेत बारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई गाउँपालिका भित्रै कृषि, पशुपालन र पर्यटन उद्यमीका रुपमा बिकास गरि रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनःउत्थानशील क्रियाकलापमार्फत अगाडि बढाउदै तीव्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासिल गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको प्रत्याभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउन जन्तेढुङ्गा गाउँपालिका प्रयासरत छ ।

**विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन:-

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।
४. गाउँपालिका भित्र भौगोलिक, जातीय, भाषिक एवम् सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा कच्ची सडक पूर्वाधारको पहुँच हुनु ।
६. धार्मिक, भौगोलिक, प्राकृतिक र ऐतिहासिक पर्यटकीय क्षेत्रको उपलब्धता हुनु ।
७. जनतामा जनचेतनाको विकास हुँदै जानु ।

**विद्यमान चुनौतीहरू:-**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन:-

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गराउनु ।
२. गुणस्तरीय बीउबिजन, मलखाद समयमा नै उपलब्ध गराउनु ।
३. युवा जनशक्तिलाइ कृषि, पशुपालन र पर्यटन ब्यवसाय प्रति आकर्षित गर्नु ।
४. व्यावसायिक कृषकको संख्यामा वृद्धि गर्नु ।
५. कृषकले उत्पादन गरेको कृषि तथा पशुपन्छी उपजलाई बजार सम्म पुर्याउनु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ बिना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु ।
१०. बैज्ञानिक, जलवायु उत्थानशील तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना लागू गर्नु ।
११. बिद्युत तथा सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१२. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगँत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।
१३. अत्याधिक रुपमा भइरहेको बसाईसराई रोक्नु ।
१४. स्वयंसेवकीय भावना जागृत गराउन ।

आदरणीय गाउँसभा उपाध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,

## चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण

### सडक यातायात:

यस गाउँपालिकामा यस आर्थिक वर्षमा हाल सम्म १०.३७ किलोमिटर नयाँ कच्ची सडक विस्तार गरिएको छ। सडक सोलिङ १.८ किलोमिटर, ढल तथा ढलान ११० मिटर, तथा सडक ग्राभेलिङ १.०२ किलोमिटर सम्पन्न भएको छ। हाल सम्म कालोपत्रे सडक नभएको। गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाले विभिन्न वस्ती र धार्मिक पर्यटकीय क्षेत्रहरूमा समेत सवारी साधन चल्ने सडक पूर्वाधार विस्तार गरेको छ। सदरमुकाम तथा तराई जोड्ने सडकहरुको विस्तार गरिएको छ। यस चालु आ.व.मा १५ शैयाको अस्पताल निर्माणमा १०% प्रगति भएको छ। लक्ष्मी मा.वि. काहुले ५३% सम्पन्न भएको छ। ६ नं वडा कार्यालय यसै आ.व.मा सम्पन्न हुनेछ। चिस्यान केन्द्र सञ्चालनमा आउनेछ। प्राथमिक स्वास्थ्य केन्द्रमा सामुदायिक भवन निर्माण सम्पन्न भएको छ। चिसापानी बजार ढल र ढलानको कार्य निरन्तर रुपमा भई रहेको छ। जन्तेढुङ्गा खानेपानी आयोजना सम्पन्न हुने अन्तिम चरणमा छ।

### सिँचाइ

यस गाउँपालिकामा यस आर्थिक वर्षमा हाल सम्म गाउँपालिका, प्रदेश सरकार, संघीय सरकारको तथा साना सिँचाइको सहकार्यमा ८ वटा सिँचाइ योजना निर्माण एवम् मर्मत सम्पन्न भएको छ।

### सामाजिक विकास

१. कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ।
२. अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिई मिलिजुली समूह, ओपिडि समूह गठन गरी बीउ पुँजिको व्यवस्था सहित ऋण परिचालन आय आर्जन, सीप विकास र जीविकोपार्जको लागि तालिम सञ्चालन भएको छ।
३. पहिचान भइ सिफारिस भएका अपाङ्गहरुको औषधि उपचार र सहयोगी सामग्री वितरण गरिएको छ।
४. विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ।
५. महिला वालवाली का र यवामा स्थानिय सरकारसंगको सचेतना अभिवृद्धि भएको छ।

### स्वास्थ्य:

१. प्राथमिक स्वास्थ्य केन्द्र चिसापानीमा फार्मेसी सहितको बिमा कार्यक्रम सकृय रुपमा सञ्चालनमा रहेको छ।
२. स्वास्थ्य शाखाको वार्षिक कार्यक्रम समयमै सम्पन्न भएको छ।
३. स्वास्थ्य कर्मीहरुलाई विभिन्न प्रकारका स्वास्थ्य सम्बन्धी क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन भएको छ।
४. पूर्ण खोप सुनिश्चितता दिगोपना कार्यक्रम सम्पन्न भएको छ।
५. औषधि खरिद गरि सेवाग्राहीहरुलाई निशुल्क वितरण गर्ने कार्य भएको छ।
६. विभिन्न नसर्ने रोगका स्कृनिक (रोग पहिचान) घर दैलोमा गई खोज पडताल कार्य सम्पन्न गरिएको छ।
७. पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप ७१२ जना किशोरीहरुलाई लगाइएको।
८. अपाङ्गता रोकथामका लागि जन्मेको २८ दिन देखि ५ वर्ष सम्मका ६४९ बालबालिकाको जाँच बाट १३ जना बालबालिकाहरु अपाङ्गता पहिचान गरि उपचारमा पठाइएको।
९. ६ वटै वडामा सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत ६ महिना देखि ५ वर्ष मुनिका ६१२ जना बालबालिकाको पोषण लेखाजोखा गरिएको।
१०. विपन्न नागरिक औषधि उपचार अन्तर्गत ११ जना क्यान्सर, स्पाइनल इन्जुरी, डाइलोसिस गरिरहेका मृगौला रोगीलाई मासिक औषधि उपचार खर्च रु ५००० का दरले उपलब्ध गराइएको।
११. ६ वटै स्वास्थ्य संस्थाबाट ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम सञ्चालन गरिएको।

१२. पाठेघर खस्ने र रिङ पेसरी लगाउने कार्यक्रम सबै वडाहरुमा गरिएको ।

१३. क्यान्सर रोगी ६ जना , स्पाइनल इन्जुरी २ जना, मृगौला रोगी १ जनालाई विपन्न नागरिक उपचारमा सिफारिस गरिएको ।

शिक्षा:

१. नेपालको संविधान बमोजिम आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूची भित्र रहेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत तह कक्षा ८ को परीक्षा फरक विद्यालयको फरक केन्द्राध्यक्ष तोकी परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र प्रमाणीकरण गर्ने कार्यलाई निरन्तरता दिइएको साथै उत्कृष्ट हुने छात्रा छात्रलाई सम्मान सहित पुरस्कृत गरिएको छ ।

२. वडा नं ३ अन्तर्गत रहेको लक्ष्मी मा.वि. काहुलेलाई आवासीय विद्यालय सञ्चालन गरि २८ जना अनाथ, असहाय, दलित, बालबालिकालाई आवासीय सुविधा सहित शिक्षा प्रदान गरिएको छ ।

३. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय विषयको पाठ्यक्रम स्वीकृत भई (१-५) तथा (६-८) मा कार्यान्वयन भएको छ ।

४. नेपालको वर्तमान संविधानको शिक्षा सम्बन्धी हक धारा (३१)को उपधारा ५ मा मातृभाषामा शिक्षा पाउने हकको सुनिश्चितताका लागि र विद्यालयले नै ऐच्छिक विषय छनौट गरि अध्ययन अध्यापन गराउने नीति अनुसार वान्तावा र पुमा भाषालाई निरन्तरता दिनु आवश्यक व्यवस्था गरिएको छ ।

५. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न बाल विकास केन्द्र सहजकर्ता, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, समावेशी शिक्षा, एकीकृत पाठ्यक्रम प्रबोधीकरण, एकीकृत शैक्षिक सूचना प्रणाली, जिन्सी व्यवस्थापन, सूचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ ।

६. जन्तेढुङ्गा गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरुका गतिविधिहरुमा एकरुपता ल्याउनका लागि गाउँपालिका स्तरीय शैक्षिक कार्यपात्रो निर्माण तथा वितरण कार्य सम्पन्न भएको छ ।

७. अभिभावक शिक्षा कार्यक्रम लागू गरिएको छ ।

८. विज्ञान प्रदर्शनी, हाजिर जवाफ प्रतियोगिता सञ्चालन भएको छ ।

९. रिक्त स्थानमा शिक्षक तथा कर्मचारी पदपुर्ति गरिएको छ ।

१०. १० बर्षे गाउँ शिक्षा योजनाको मस्यौदा स्वीकृत गरिएको छ ।

११. कक्षा १-३ को विद्यार्थी मूल्याङ्कन कार्यसञ्चयिका छपाएर विद्यालयमा हस्तान्तरण गरिएको छ ।

१२. विद्यार्थी अभिभावक शिक्षा कार्यक्रमको सुरुवात गरिएको छ ।

१३. अंग्रेजी, गणित, विज्ञान विषयका विद्यालयको आवश्यकताका आधारमा मा.वि. तह ९ जना र नि.मा.वि. तह १ जना नियुक्ति गरि सम्बन्धित विद्यालयमा पठाइएको छ ।

१४. कक्षा ११ मा अध्ययनरत बाली विज्ञानका विद्यार्थीलाई छात्रवृति प्रदान गरिएको छ ।

१५. आवश्यकताको आधारमा विद्यालयलाई प्रिन्टर र कम्प्युटर उपलब्ध गराइएको छ ।

१६. शिक्षक र प्रधानाध्यापकबीच तथा प्रधानाध्यापक र गाउँपालिकाबीच कार्यसम्पादन सम्झौता गरिएको छ ।

१७. शैक्षिक आपुरण सम्बन्धी कार्यक्रम सञ्चालन भएको छ ।

**युवा तथा खेलकुद:**

१. खेलाडिहरु सहभागिता तथा वडाहरुमा खेलकुद आयोजना सम्पन्न भएको छ । साथै आगामी आ.व. मा अन्य क्षेत्रमा सहभागिता जनाउन जाने खेलाडिहरु अनिवार्य रुपमा वडा वा गांउँपालिकाको कार्यालयमा सूचीकृत हुनुपर्ने नीति गाउँपालिकाले लिएको छ ।

**कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगारका क्षेत्रमा भएका उपलब्धि**

कृषि:

१. कृषि यान्त्रीकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

२. फौजी कीरा लाही कीरा तथा अन्य रोग कीरा नियन्त्रणका लागि विषादी र फेरोमेन पासो खरिद गरि निशुल्क वितरण गरिएको छ।
३. सूचना प्रकाशन गरि कृषि प्राविधिकहरु सँग कृषकको सहज सम्पर्कको लागि जोड दिइएको छ।|
४. अदुवा , आलु जस्ता नगदेवालीलाई प्रोत्साहित गरिएको छ।
५. कम्पोस्ट मल, माटो नमुना सङ्कलन तथा व्यवस्थापन, रोग कीरा र फलफूल खेती सम्बन्धी तालिम प्रदान गरिएको छ।
६. रैथाने वाली संरक्षण र प्रवर्द्धनलाई जोड दिइएको छ।
७. माछा पालन र किवी खेती सम्बन्धी अनुदान प्रदान गरिएको छ।
८. खाद्यान्न बालिको उन्नत बिउ र नयाँ सुन्तला जात पकेट विकास कार्यक्रममा कृषक संग साझेदारी गरिएको छ।
९. कृषि प्रदर्शनी कार्यक्रम सञ्चालन गरिएको छ।
१०. वडा नं ४ को भन्ज्याङ खर्कमा करिब ६० रोपनीमा आलु खेती सञ्चालन गरिएको छ।

**पशुपन्छी:**

१. पशुपंक्षीको औषधि खरिद गरी निशुल्क वितरण गरेर सबै वडाका कृषकहरुलाई लाभान्वित गरिएको छ।
२. कृषकहरुको पशुधनको रक्षा गर्न घर दैलो सम्म पुगेर सेवा प्रवाह पुर्याइएको छ।
३. प्रदेश भेटेरिनरी अस्पताल, दिक्तेल सँगको समन्वय र गाउँपालिकाको आन्तरिक श्रोतबाट पशुपंक्षीहरुको रेबिज, पिपीआर, रानीखेत, स्वाइन फिवर लगायत बाह्य परजीवि निधान तथा नियन्त्रण जस्ता आक्रामक रोगहरु विरुद्धको खोप सञ्चालनलाई निरन्तरता दिइएको छ।
४. महामारी आकस्मिक रोग अन्तर्गत लम्पि स्कीन रोगको भ्याक्सिन उपलब्ध रहेको छ।
५. ५० % अनुदानमा ५७ जना बाखा पालक, ७ जना कुखुरा पालक र ९ जना सुंगुर पालक कृषकलाई अनुदान प्रदान गरिएको।

**उद्योग:**

१. बाँसको फर्निचर तथा हस्तकलालाई प्रवर्द्धन गर्न औजार उपकरण नि: शुल्क प्रदान गरिएको छ।
२. मौरीपालनलाई निरन्तरता दिँदै घार छुट्टाउने र रानी मैरी उत्पादन गर्ने तालिम प्रदान गरिएको छ।
३. दिक्तेल नगरपालिकाले आयोजना गरेको बाँस सम्मेलनमा सह-आयोजक बन्दै प्रदर्शनी स्टल राखिएको।
४. वडा नं ४ मा २ महिने छाला जुत्ता सिलाई सम्बन्धी तालिम दिई एस-एस जुत्ता सेन्टरलाई प्रविधि हस्तान्तरण गरिएको।
५. बीस दिने माटोको भाडा बनाउने तालिम सञ्चालन गरिएको छ।
६. उद्यमी र वित्तीय संस्था बीच वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ।
७. कोसेली घर निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको।
८. उद्यमशीलता विकास तालिम प्रदान गरिएको।
९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १३ वटा योजना सञ्चालनमा ७० जनालाई १०० दिन बराबरको रोजगरी प्रदान गरिएको। ८०१ जना नयाँ बेरोजगार सूचिकृत गरिएको छ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. २०८१ असोज १० गते देखि १२ गते सम्मको बाढीले क्षति पश्चात विपद् व्यवस्थापनको बैठक बसी क्षति भएको विवरण सम्बन्धित ठाउँमा पठाइ ७१ संकटग्रस्त पालिका परिएको सो बापत राहत तथा उद्धारको लागि रु ५० लाख गाउँपालिकाको विपद् कोषमा प्राप्त गरि राहत तथा उद्धार कार्य सम्पन्न गरिएको।
२. विपद् जन्य घटना हुन नदिन सचेतनामूलक सामाग्री सामाजिक संजाल तथा वेवसाइटमा सूचना प्रकाशन गरिएको।
३. विपदका घटना हुन नदिन र भएमा पूर्व तयारीका साथ विपद रणनीति बनाई लागू गरिएको।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, सङ्गठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय, सूचना प्रविधि) भएका उपलब्धि**

१. गाउँपालिकाले यस आ.व. मा १ मापदण्ड ४ कार्यविधि निर्माण गरि कार्यान्वियनमा ल्याएको छ ।

२. गाउँपालिकाको राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले गर्ने मूल्याङ्कनमा ५९ अंक, संस्थागत क्षमता मूल्याङ्कन (LISA) मा ८५.२५ अंक, स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली (FRA) मा ७६ र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) मा ७५ अंक प्राप्त गरिएको ।

३. गाउँपालिकामा डिजिटल नागरिक वडापत्र जडान गरि नागरिक वडापत्रको विवरण लगायत सूचना सम्प्रेषण गरिएको ।

४. गाउँपालिका तथा वडा कार्यालयहरूका कर्मचारीहरूलाई नियमित गराउन इ-हाजिरीको व्यवस्था गरिएको ।

५. गाउँपालिकाबाट हुने निमन्त्रणा, खबर तथा जानकारीका लागि बल्क एस.एम.एसको व्यवस्था गरिएको ।

६. गाउँपालिकाबाट प्रकाशन हुने सूचना तथा जानकारी गाउँपालिकाको सूचना पाटि, वेवसाईट तथा फेसबुक पेज मार्फत गर्ने व्यवस्था गरिएको ।

७. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएको ।

८. कार्यालयमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारी तोकी फ्लेक्स सहितको विवरण राखिएको ।

९. अन्तर स्थानीय तह बीच समन्वय बैठक बसि विकास निर्माणका विषयमा विविध विषयमा छलफल गरिएको ।

**योजना, अनुगमन तथा प्रशासन शाखा**

१. जेष्ठ मसान्त सम्मको पत्र दर्ता १७५८, चलानी १४६७, मौजुदा सूची दर्ता संख्या १२० रहेको ।

२. कर्मचारी नियुक्ति ६ जना, कर्मचारी सरूवा भई आएका १ जना, कर्मचारी सरुवा भइ गएका ३ जना, रहेको।

३. जेष्ठ मसान्त सम्म उपभोक्ता समिति सँग सम्झौता भएका योजना १४० वटा सम्पन्न भएका ११८ रहेको ।

४. गुनासो र सुझावपेटिका गुनासो सुन्ने अधिकारीबाट प्रत्येक ३ दिनमा खोलिने व्यवस्था गरिएको छ ।

**जिन्सी शाखा-**

१. जग्गा

जन्तेढुङ्गा गाउँपालिका स्वास्थ्य केन्द्र, कृषि सिकाइ केन्द्र, स्वास्थ्य इकाई, हाटबजार स्थल, प्राथमिक स्वास्थ्य केन्द्र सहित जम्मा ३५-१०-३-३(पैतिस रोपनि दश आना तिन पैसा तिन दाम) जग्गा रहेको छ जसमा वडा र स्वास्थ्य चौकीको जग्गा समावेश छैन ।

२. भवन

जन्तेढुङ्गा गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य केन्द्र, कृषि सिकाइ केन्द्र, स्वस्थ्य इकाई, हाटबजार स्थल, प्राथमिक स्वास्थ्य केन्द्रमा पक्की भवनको संख्या ८ वटा, कच्ची भवनको संख्या १९, (विद्यालय बाहेक), हाटबजार टहराको संख्या ४ रहेको । पशु वधशालाको संख्या १ रहेको ।

३. **सवारी साधन**

१. ब्याक हो लोडर न्युहोल्यान्ड १ थान सञ्चालनमा नरहेको ।

२. ब्याक हो लोडर जेसिवि १ थान सञ्चालनमा रहेको ।

३. एम्बुलेन्स १ थान सञ्चालनमा नरहेको ।

४. मोटरसाइकल १९० सिसिको ३ थान, २०० सि.सि. को १ थान, १६० सिसिको २ थान सञ्चालनमा नरहेको, १५० सिसिको १३ थान मध्य ७ थान सञ्चालनमा रहेको , २२० सिसिको ३ थान मध्य २ थान सञ्चालनमा रहेको ।

४. **मेसिनरी औजार**

१. मोबाइल ९ थान मध्य ६ थान सञ्चालनमा रहेको, कम्प्युटर १९ थान मध्य १२ थान सञ्चालनमा रहेको, ल्यापटप २१ थान मध्य १३ थान सञ्चालनमा रहेको, प्रिन्टर ३१ थान मध्य १७ वडा सञ्चालनमा रहेको, ठूलो प्रिन्टर(A3) १ थान रहेको, सि.सि.टि.भि. १६ थान, हाजिरी मेसिन ७ थान, सोलार ब्याट्री २४ थान मध्य १६ सञ्चालनमा रहेको, सोलार प्यानल १४ थान, एक्सरे मेसिन २ थान मध्य डिजिटल एक्सरे मात्र संचालित, क्यामरा २ थान, टि.भि ४ थान, डिजिटल स्मार्ट वोर्ड १ थान, ड्रोन १ थान, साउन्ड सिस्टम ३ थान मध्य १ थान सञ्चालनमा रहेको, भ्याकुम क्लिनर २ थान सञ्चालनमा नरहेको ।

५. **फर्निचर**

१. घुम्ने कुर्सी १० थान मध्य ५ थान सञ्चालनमा रहेको, अफिस टेवले सेमि उड १७ थान मध्य १२ थान प्रयोगमा रहेको, कर्नर टेवल ५ थान, सोफा ११ सेट मध्य ९ सेट सञ्चालनमा रहेको, टि टेवल ७ थान, जालि कुर्सी ८६ थान मध्य ७३ थान सञ्चालनमा रहेको, स्टिल दराज ३७ थान मध्य १८ थान सञ्चालनमा रहेको, बैठक टेवल ३ थान, काठको स्थानीय टेवल १३ थान, फलाम र्‍याक १ थान, काठको र्‍याक ११ थान, फ्रिज १ थान, भ्याक्सिन फ्रिज १ थान रहेको छ ।

## महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

१. ६ वटै वडाहरुमा मिलिजुली समूह गठन भएको जसमा १९४ जना अपाङ्गता भएका व्यक्ति र परिवार आवद्ध रहेको र बचत ऋण व्यवस्थापन तथा नेतृत्व विकास सम्बन्धी २ दिने तालिम सञ्चालन गरिएको ।
२. अपाङ्गता भएका व्यक्तिहरुको संस्था ओपिडिहरुलाई २ दिने क्षमता अभिवृद्धि तालिम र रु.१५०००० प्रदान गरिएको ।
३. गृह भेट ३२५ जना संग, उपचार १५ जनालाई उपचार, फिजियोथेरापि ९ जनालाई, निशुल्क स्वास्थ्य बिमा रातो कार्डलाई ५८ जना, घरमा आधारित शिक्षा १ जना, लाई प्रदान गरिएको ।
४. ३७ जना अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री वितरण गरिएको ।
५. अपाङ्गता परिचय पत्र वितरण- रातो-६१, निलो-१३०, पँहेलो-९०, सेतो-४४ जना ।
६. २८ दिन देखि ५ वर्ष सम्मका जन्मजात दोस १३ जना बालबालिका मध्य ७ जनाको उपचार गरिएको ।
७. अपाङ्गता भएका व्यक्तिहरूका परिवारका सदस्यहरु ६ जनालाई सीप विकास तालिम प्रदान गरिएको ।
८. दुई वटा विद्यालयहरुमा दौतरी शिक्षा सञ्चालन गरिएको ।
९. प्राकृतिक प्रकोपमा परेका १ जना अपाङ्गता भएका व्यक्तिलाई रु१५०००(पन्द्र हजार)सहयोग गरिएको ।
१०. शैक्षिक सामाग्री ३० जनालाई वितरण गरिएको ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा

यस जन्तेढुङ्गा गाउँपालिकामा जेष्ठ नागरिक भत्ता लिनेको संख्या १०१७ जना, जेष्ठ नागरिक भत्ता(दलित)को संख्या ८०, जेष्ठ नागरिक एकल महिलाको संख्या१०१ जना, विधवा(आर्थिक सहायता) १४९ जना, अपाङ्गता क वर्ग ५६ जना, ख वर्ग(आर्थिक सहायता) १०८ जना, दलित बालबालिकाको संख्या १०४ गरि कुल जम्मा १६१५ जना लाभग्राही रहेका छन ।

## आर्थिक प्रशासन शाखा

१. आ.व.२०८१/०८२ को प्रस्तावित आय बयालीस करोड तीस लाख नौ हजार रहेकोमा जेष्ठ मसान्त सम्मको आय अड्तीस करोड उनान्सय लाख पन्ध्र हजार रहेको छ र जेष्ठ मसान्त सम्मको खर्च पच्चीस करोड पन्चानब्बे लाख तेइस हजार जुन प्रस्तावित आयको ६१.३% हुन आउँछ ।
२. हाल सम्मको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनका आधारमा बेरुजुको अवस्था तपसिल बमोजिम रहेको छ ।

(रु हजारमा)

| क्र.स. | आ.व. | असुल गर्नु पर्ने | नियम गर्नु पर्ने बेरूजु | | | चालु आ.व. को | हाल सम्मको बेरुजु रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पेश्की | अनियमित भएको | प्रमाण पेश/अन्य | | | |
| १ | २०७३/७४ | ० | १७८५ | ६४४१ | ० | ८२२६ | ८२२६ | गा.वि.स. |
| २ | २०७४/७५ | १९०६ | ३६९४ | ४८०० | ४९५६ | १५३५६ | २३५८२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २०७५/७६ | १०५२ | १५७११ | ५१३१ | १४५६२ | ३६४६४ | ६००४६ | |
| ४ | २०७६/७७ | ४७६१ | २५९४२ | ३१३१३ | १६८३४ | ७८८९८ (१०.४५%) | १३८८३६ | ६८ संम परिक्षण |
| ५ | २०७७/७८ | २९१२ | १३८५१ | २७८३८ | ९०८१ | ५३६८२ | १९२५१८ | |
| ६ | २०७८/७९ | ३९५६० | ६८३० | ८५६२ | ७४२२ | ६२३७४ | २५४८९२ | पहिलो अवधि सम्म |
| ७ | २०७९/८० | १०००५ | १५२८ | १५६८८ | १३२१९ | ४०४४० | २८३२७३ | १२०५९ संम परिक्षण |
| ८ | २०८०/०८१ | ४००१ | १९० | ७८०४ | २२६१ | १४२५६ | २९७५२९ | |
| जम्मा | | ६४२०५ | ६९५३९ | ७६२६४ | ६८३३५ | ३०९६९६ | २९७५२९ | १२१२७ सम परीक्षणबाट घटेको । |

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

**गाउँसभाका उपाध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्य ज्यूहरु,**

अब म आ. व. २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**कृषि सम्बन्धी नीति तथा कार्यक्रम**

**"उत्पादन तपाई गर्नुहोस् बजार हामी दिन्छौ"** भन्ने नारालाई निरन्तरता दिइएको छ ।

१. जन्तेढुङ्गा गाउँपालिकाको उत्पादन आयआर्जन र रोजगारी सृजना हुने मुख्य कृषि र पशु पालन नै भएको र अधिकांश जनता यसैमा निर्भर रहेको हुँदा यसलाई निर्वाहमुखीबाट व्यवसायीकरण तर्फ उन्मुख गराउनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।
२. भुमि बैंक स्थापना गर्न आवश्यक कानुनी व्यवस्था गरिने छ ।
३. कृषिलाई व्यवसायिक तथा आधुनिक बनाउन मागमा आधारित कृषक गाउँपालिका यान्त्रीकरण साझेदारी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
४. कृषि तथ्यांक सङ्कलन बाट वास्तविक कृषक पहिचान गरि आवश्यक कार्यक्रम तय गरि लागू गरिनेछ ।
५. उत्पादित स्थानीय कृषि वस्तुको सङ्कलन तथा बजारीकरणको व्यवस्था मिलाइनेछ ।
६. शित भण्डार सञ्चालन कार्यविधि बनाइ प्रयोगमा ल्याइनेछ ।
७. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बाझो जमिनमा सामूहिक खेतीलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
८. कृषि उत्पादनलाई क्षति पुर्याउने वन्यजन्तुलाई नियन्त्रण एवं व्यवस्थापन गर्न स्वयंसेवक परिचालन नीतिलाई अवलम्बन गरिनेछ ।
९. कृषिमा अनुगमन कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।
१०. खाद्यान्न बालीको उत्पादन वृद्धि गर्न बीउ अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
११. तरकारीको उन्नत बिउमा कृषकको पहुँच बढाउन उन्नत तरकारीको बीउ वितरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
१२. सुन्तला, किवी, अलैंची, आँप, लिची, कफी लगायत अन्य फलफूल नगदे बालिको उत्पादन तथा उत्पादकत्वलाई विशेष प्राथमिकता दिइनेछ ।
१३. "जन्तेढुङ्गाको पहिचान उत्पादनमा अनुदान" कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
१४. एक गाउँ एक कृषि प्राविधिकहरुलाई निरन्तरता दिइनेछ । कृषि/पशु प्राविधिकहरुलाई उत्प्रेरणा जगाउन थप सेवा सुविधाको प्रबन्ध मिलाइनेछ ।
१५. रोग कीरा नियन्त्रण गरि उत्पादन वृद्धि गर्न बाली संरक्षण कार्यक्रमलाई विशेष प्राथमिकताका साथ लागू गरिनेछ ।
१६. माटोको गुणस्तर बढाइ उत्पादन वृद्धि गर्न माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
१७. प्रविधि प्रसारको लागि कृषि तालिम कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
१८. कृषि सम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
१९. कृषि उत्पादन प्रवर्द्धन एवं पुरस्कृत गर्न कृषि मेला प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२०. उच्च मूल्य हुने कृषि बालिहरुको पहिचान गरि व्यवसायीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
२१. रैथाने बालीहरुको बिउ संरक्षण खेती विस्तार तथा बजारीकरणका लागि विशेष प्रबन्ध मिलाइनेछ ।
२२. कृषक सूचीकरण कार्यलाई निरन्तरता दिइनेछ ।
२३. माटोको नमुना परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
२४. कम्पोष्ट मल सहित बायोचार उत्पादनको लागि कृषकहरुलाई तालिम दिई कम्पोष्ट मल उत्पादनमा जोड दिइनेछ ।

२५. कृषि गुरूयोजना अनुसार बाझो जमिनको उपयोग गर्न बाँस खेती, अन्न वाली, तेलहन वाली , फलफूल वाली , मसला, कपास, आलु खेतीका लागि प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईदै कृषि रणनीतिक गुरुयोजना, २०८२ अनुसार कार्यहरु गरिनेछ।

२६. जडिबुटी जन्य उत्पादन विस्तार, संरक्षण, र प्रशोधनलाई प्रोत्साहित गरिनेछ ।

२७. कोदो खेतीलाई प्रोत्साहित गरिनेछ ।

**पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

२८. कृषि तथा पशुपालनलाई गाउँपालिकाको मुख्य आय आर्जन र रोजगारीको मुख्य आधार स्तम्भ मानिएको छ ।

२९. पशुपंक्षी तथा मत्स्यपालनमा कुनै किसिमको रोग लाग्न नदिन र कृषकहरुको उत्पादन घट्न नदिन पशु औषधि खरिद गरेर निशुल्क रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३०. गाउँपालिकामा डेरी उत्पादन र खपत बढाएर दुध उत्पादनलाई आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिने छ ।

३१. पशुपालनमा आवद्ध कृषकहरुलाई उत्पादन र उत्पादकत्व बढाउन विभिन्न खोर तथा गोठ सुधार कार्यक्रम, पशुपालन सामग्री, उपकरण, उन्नत नश्ल वितरण, आदि विशेष अनुदानमा उपलब्ध गराइनेछ ।

३२. गाउँपालिका क्षेत्रभित्र सफा, स्वच्छ, र स्वस्थकर मासु र दुग्ध पदार्थ उत्पादन र बिक्री वितरण गर्न विशेष पहल गरिनेछ ।

३३. समस्त पशुपालक कृषकहरुको पालन पद्दती सुदृढीकरण गरी व्यवसायीकरण गर्न नियमित रुपमा अनुगमन कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. कुनै प्रकारको महामारी फैलिन नदिन पशु सेवा शाखा बाट नियमित पशुपंक्षी फर्म तथा कृषक स्थल अवलोकन तथा सर्भेलेन्स गरिनेछ ।

३५. मासुजन्य पशुपन्छी पालनलाई निर्यातमुखी बनाउन पहल गरिनेछ ।

३६. एक वडा एक पशु प्राविधिकको सेवालाई निरन्तरता दिइनेछ ।

**शिक्षा**

३७. २०८५ जेष्ठ सम्ममा बालमैत्री घोषणाको लक्ष्य हासिल गर्नको लागि सो सम्बन्धी सूचक अनुसारको कार्यक्रमहरु सुरुवात गरिनेछ ।

३८. प्रत्येक विद्यालयलाइ प्रविधिमैत्री शिक्षा लागू गरी सम्पूर्ण कागजातहरु डिजिटल बनाइने नीतिलाई निरन्तरता दिइनेछ ।

३९. विद्यालय शिक्षालाइ गुणस्तरीय बनाउन कार्यसम्पादन सम्झौताता गरि परिणाममुखी बनाउन दण्ड र पुरस्कारको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४०. शिक्षक तथा कर्मचारीलाइ पेशागत क्षमता अभिवृद्धि गर्दै प्रबोधीकरण गर्न विभिन्न विषयमा आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

४१. स्थानीय मातृभाषा, सामाजिक साँस्कृतिक विषयको अध्ययन अध्यापन गराउन स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तकको छपाई तथा वितरण गरिनेछ ।

४२. उच्च शिक्षा सञ्चालन ,व्यवस्थापनमा आवश्यक समन्वय र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४३. प्रत्येक विद्यालय लाई एक विद्यार्थी एक बिरुवा कार्यक्रम अन्तरगत हरित विद्यालय बनाउन उत्प्रेरित गरिनेछ र आन्तरिक कृयाकलाप अन्तर्गत कृषि कर्म संग जोड्ने कार्यक्रम सञ्चालन गर्ने विद्यालयलाई अभिप्रेरित गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

४४. प्रत्येक सामुदायिक विद्यालयको दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक गतिविधि तथा कार्य सञ्चालन क्रियाकलापलाई विद्यालयको अनुगमन तथा मूल्याङ्कन प्रणालीमा अवलम्बन गरि निरन्तरता दिइनेछ ।

४५. विद्यार्थीको शैक्षिक स्तर वृद्धि गर्नु स्थानीय स्तरको शैक्षिक सामाग्री निर्माण ,सङ्कलन ,कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद गरि वितरण गर्ने साथै खेलकुद विकासका लागि आवश्यक सामाग्री खरिद गरि वितरण गरिने नीति निरन्तरता दिइनेछ ।

४६. प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नेतृत्व क्षमता विकास गर्न संस्कारी जिम्मेवार, अनुशासित नैतिकवान् र सहभागिता अभिवृद्धि गर्न स्काउट, जुनियर रेडक्रम सर्कल युवा रेडक्रस सर्कल ,बाल क्लव ,युवा क्लवलाई सक्षम बनाउँदै लगिनेछ ।

४७. शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ ।

४८. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाइको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासलाई निरन्तरता दिइनेछ ।

४९. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५०. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

५१. किशोरीहरुका लागि सेनिटरी प्याडको वितरणको व्यवस्था प्रभावकारी बनाइने छ । साथै प्रयोग पछाडिको व्यवस्थापन विद्यालयहरुले नै गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५२. शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना दर शत प्रतिशत कायम गरि विद्यालय छाड्ने दर न्यून राख्न विद्यार्थी अभिभावक शिक्षा कार्यक्रम सम्पूर्ण विद्यालयहरुको समन्वयमा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

५३. दिवा खाजा कार्यक्रम व्यवस्थित गर्न जंक फुडलाई निरुत्साहित गर्न स्थानीय रुपमा उत्पादित खाद्य पदार्थलाई उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५४. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थपान, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अभिभावक बीचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) अनिवार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५५. अभिभावक विहीन र विपन्न परिवारका सन्तानलाई आवासीय पठन पाठनको व्यवस्थालाई निरन्तरता दिइएको छ ।

५६. १० बर्षे गाउँ शिक्षा योजनालाई लागू गरिनेछ ।

५७. अतिरिक्त विषयको कक्षा सञ्चालन गर्दा शिक्षक बैंक स्थापना गरि शिक्षक परिचालन गर्ने नीति लिइनेछ ।

५८. स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक लेखन र छपाई गरि विद्यालयलाई वितरण गरिनेछ ।

५९. आफूसँग भएका सीपको परीक्षण गरि तहगत प्रमाण पत्र लिन चाहेमा कोशी प्रदेश सामाजिक विकास मन्त्रालय सँग समन्वयको व्यवस्था गरिनेछ ।

६०. विद्यालयहरुमा इ-हाजिरीको व्यवस्था गरिनेछ ।

## संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

६१. गाउँपालिकाले भाषा साहित्य कला संस्कृतिको संरक्षण तथा सम्वर्धनको नीतिलाई निरन्तरता दिइनेछ ।

६२. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता प्रतिविम्वहरु निर्माणलाई प्रोत्साहित गरिनेछ ।

६३. गाउँपालिका भित्र आयोजना हुने मेला, प्रदर्शनी तथा महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रदर्शन गर्ने नीति लाई निरन्तरता दिइनेछ ।

६४. पराम्परागत सीपको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

६५. गाउँपालिका भित्र रहेका पुराना मठ मन्दिरहरुलाई पुरातात्विक विभाग सँगको सहकार्यमा खोज अनुसन्धान र प्रचार प्रसार गरिने छ ।

## युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

६६. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ ।

६७. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान सीप र पुँजीको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम सँग आवद्ध गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

६८. युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । जसमा कृषि उत्पादनलाई प्राथमिकता दिइनेछ ।

६९. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

७०. खेलकुद प्रतियोगितामा सहभागिता जनाउन गाउँपालिकामा सूचीकृत भइ स्वीकृत गराएर सहभागीलाई मात्र गाउँपालिकाले सहयोग गर्ने नीति लिएको छ ।

७१. अन्य खेलकुद प्रतियोगिता समेतलाई महत्व दिई आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

७२. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिलाई कार्यान्वयन गरिनेछ ।

७३. महिला, दलित, आदिवासी जनजाति, पछाडि पारिएका वर्ग, अति गरिब, भूमिहीन र बालबालिकालाई उत्थानशील कार्यक्रम सञ्चालन गरिनेछ ।

७४. ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५. ज्येष्ठ नागरिकको पालन पोषण, संरक्षण र सुरक्षा गर्ने कार्यलाई प्राथमिकता दिइने नीतिलाई निरन्तरता दिइनेछ ।

७६. ७५ वर्ष माथिका वृद्धवृद्धाहरुलाई सहुलियत दरमा तथा गर्भवती र सुत्केरी महिलाहरुलाई निः शुल्क प्रदान गरिएको स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ ।

७७. सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीतिलाई निरन्तरता दिइनेछ ।

७८. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७९. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

८०. गाउँपालिका तथा वडा स्तरीय बालक्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

८१. सबै वडामा जेष्ठ नागरिक उपचार कार्यक्रम सञ्चालन गरिनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा लिइएको र सबै नेपालीहरुलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदानगरि नेपाली जनताको स्वास्थ्य स्थितिमा अपेक्षित सुधार ल्याई स्वस्थ जीवनयापन गर्न संघीय सरकार र प्रादेशिक सरकारले लिएको नीति तथा कार्यक्रम सञ्चालन गरिरहेकामा स्वास्थ्य सेवाका प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई अझ प्रभावकारी, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकाकाले सङ्घीय सरकार र प्रादेशिक सरकारको नीति तथा कार्यक्रमलाई सहयोग पुग्नेगरि कार्यक्रम सञ्चालन गर्न निम्न नीति तय गरिएको छ ।

८२. यस गाउँपालिकामा रहेका विपन्न, गरीब, पिछडिएका वा पछि पारिएका जेष्ठ नागरिक, महिला, अपाङ्ग तथा नेपाल सरकारले निः शुल्क वितरणका लागि तोकेका औषधीहरु साथै नसर्ने रोगहरुका औषधीहरु निशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८३. ग र घ वर्ग(पहेलो र सेतो कार्ड) भएका अपाङ्गता भएका व्यक्ति र नियमित औषधि सेवन गर्ने मुटु रोगीको गाउँपालिकाले स्वास्थ्य बिमा गरिदिने छ । सो कार्य पुरा गर्ने बिमा अभिकर्तालाई प्रोत्साहन समेतको व्यवस्था गरिने छ ।

८४. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरि फार्मेषी सञ्चालनमा निरन्तरता दिइनेछ ।

८५. आङ्ग खसेका महिलाहरुको पहिचान गरि नि: शुल्क उपचारको कार्यलाई निरन्तरता दिइनेछ ।

८६. गर्भवती महिलाको लागि ग्रामीण भिडियो एक्सरे कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ, साथै पाठेघरको क्यान्सरको जाँच (VIA test) लाई निरन्तरता दिइनेछ ।

८७. सुरक्षित मातृत्वलाई पहिलो प्राथमिकता दिई गर्भ अवस्थाको पहिलो महिनाबाट नै स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रको प्रत्यक्ष निगरानी बमोजिम स्वास्थ्य संस्थामै प्रसुती हुने अवस्थालाई प्रोत्साहन गर्न आवश्यक भत्ताको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८८. पालिका भित्र रहेका सुत्केरी आमाहरुको नियमअनुसार घर भेट जाँच कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८९. स्थानीय स्तरमा उत्पादन हुने पोषण युक्त खानालाई व्यवहारमा परिर्वतन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

९०. पालिका भित्रका जन्मे देखी २४ महिना सम्मका सम्पूर्ण बालबालिकाहरुलाई नियमित मासिक रुपमा तौल अनुगमन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९१. सरकारले निर्धारण गरेको विपन्न नागरिक औषधी उपचार सम्बन्धी मृगौला रोग, मुटु रोग, क्यान्सर, पार्किन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया सम्बन्धी जटिल प्रकृतिका रोगको उपचारका लागि बिरामीलाई उपचारको पहुँच सम्म पुर्याउन आवश्यक आर्थिक सहयोगको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९२. सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेकोमा त्यसलाई अझै प्रभावकारी रुपमा व्यवस्थित गरिनेछ ।

९३. प्राथमिक स्वास्थ्य केन्द्रको आकस्मिक सेवालाई अझ प्रभावकारी रुपले सेवा दिनको लागि कर्मचारीहरुको नियम अनुसार पाउने ईमरजेन्सी भत्ता रकम लाई निरन्तरता दिइनेछ ।

९४. स्वास्थ्य प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यक्रम बिस्तार गरिनेछ ।

९५. सुरक्षित मातृत्व, नवजात शिशु, बाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन्, प्रौढ तथा जेष्ठ नागरिकको सेवालाई निरन्तरता दिदै अझ प्रभावकारी रुपमा सेवा विस्तार गरिदै लगिनेछ ।

९६. गाउँपालिकावासी सबै नागरिकलाई आकस्मिक सेवाको पहुँचमा सुनिश्चित गरिदै लगिनेछ ।

९७. गाउँघर क्लिनिक र खोप क्लिनिक लाई व्यवस्थित गरिदै लगिनेछ र क्लिनिक सञ्चालन गर्ने स्वास्थ्य कर्मीको प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

९८. क्षयरोग खोजपड्ताल कार्यक्रम सबै वडामा निरन्तर सञ्चालन गरिनेछ ।

९९. महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धी सम्पूर्ण समस्याहरुको खोजपड्ताल गरी उपचारको व्यवस्था गरिनेछ ।

१००. स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरुको लागि नि: शुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०१. गाउँपालिकाका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यलाई निरन्तरता दिइनेछ ।

१०२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास तालिमलाई निरन्तरता दिइनेछ ।

१०३. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँगको सहकार्य नीतिलाई निरन्तरता दिइनेछ ।

१०४. सुनौलो हजार दिने आमाहरुको पोषण सुधारका लागि वडा भेट कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१०५. सुरक्षित गर्भपतन सेवालाई सूचिकृत स्वास्थ्य संस्थाबाट गरिने सेवा प्रवाह ९ हप्ता सम्मको गर्भपतन सेवा लाई निरन्तरता दिने साथै ९ हप्ता देखि १२ हप्ता सम्मको गर्भपतन सेवा लाई प्राथमिक स्वास्थ्य केन्द्रबाट गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१०६. खोपको सुनिश्चितता र दिगोपनालाई कार्यान्वयन गरिनेछ ।

१०७. मनोसामाजिक विमर्शकर्ता मार्फत परामर्श सेवा उपलब्ध गराइने छ।

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

१०८. स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यवसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०९. समग्र आर्थिक गतिविधि चलायमान बनाउन र आर्थिक क्रियाकलापको स्तर मापनका लागि आर्थिक सर्वेक्षण गरिनेछ।

११०. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी/समुदाय/समूह समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१११. दलित समुदाय लक्षित कृषक समूह निर्माण गर्दै आवश्यक सहयोग गरिनेछ।

११२. राजश्व सुधार योजनालाई लागू गरिनेछ।

११३. वनजन्य कृषि उपज गाउँपालिका बाहिर निर्यात गर्दा सबै उत्पादनलाई करको दायरामा समावेश गरिनेछ।

## उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

११४. औद्योगिक ग्राम स्थापना गरि सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाउन स्थानीय व्यवसायी तथा सरोकारवालाहरु सँग समन्वय गरिनेछ।

११५. औद्योगिक तथा व्यवसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।

११६. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइने नीतिलाई निरन्तरता दिइनेछ।

११७. लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

११८. सम्पूर्ण स्थानीय कच्चा पदार्थ उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतीकरणको पहुँच पुराइनेछ।

११९. कोशी पर्यटन वर्ष २०८२ लाई सफल बनाउन विभिन्न गतिविधि सञ्चालन गरिनेछ।साथै यसलाई प्रभावकारी बनाउन यस जन्तेढुङ्गा गाउँपालिका अन्तर्गतका शिक्षिक, कर्मचारी तथा स्वास्थ्यकर्मीहरुलाई ३ दिन भ्रमण विदा समय मिलाएर दिने रणनीति लिइने छ।

१२०. पर्यटकीय स्थलहरुमा निजी लगानीमा खुला गर्ने नीति लिइनेछ।

१२१. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन स्थानीयहरुलाई होमस्टे सञ्चालनमा सहयोग पुर्याइनेछ।

१२२. सडकका दोबाटो चौबाटोहरुमा मार्गदर्शक बोर्ड राखिनेछ।

१२३. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होडीङ्ग बोर्ड राखिनेछ।

१२४. अन्तरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न स्थलगत अवलोकनका लागि गइने साथै थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थानीय तहहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

१२५. स्थानीय स्तरमा बसोबास गर्ने बेरोजगार तथा उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक र वैदेशीक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई उद्यमशीलता तालिम दिई उद्यमी बन्न प्रोत्साहित गरिनेछ।

१२६. स्थानीय स्तरमा भएका कच्चापदार्थको सदुपयोग गरि उद्यमशीलता तालिम लिने व्यक्तिहरुलाई प्राविधिक सीप विकास तालिम दिइनेछ।

१२७. पुराना लघुउद्यमीहरुलाई पुनर्ताजगी तालिम दिइनेछ।

१२८. उद्यमीहरुले उत्पादन गरेका सामान बिक्री वितरणका लागि साझा सुविधा केन्द्र (कोसेली घर) सञ्चालनमा ल्याइने छ।

१२९. प्राविधिक सीप विकास तालिम लिइएका व्यक्तिहरुलाई व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने ऋणको बारेमा जानकारीको लागि समूह सहकारी, वित्तीय संस्था वा बैंक सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१३०. ऐतिहासिक, धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण गरिनेछ ।

१३१. वार्षिक २० लाख भन्दा बढि कारोबार गर्ने व्यवसायी र पेट्रोलियम पदार्थको व्यवसायिक कारोबार गर्ने व्यवसायीले अनिवार्य अग्नी नियन्त्रक(Fire extinguisher) राख्नु पर्ने कार्यलाई अनुगम र नियमन गरिनेछ ।

१३२. सङ्घीय सरकार बाट सूचिकृत बेरोजगारलाई काममा लगाउन ससर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट समपुरक बजेटको व्यवस्था गरिनेछ ।

१३३. रोजगार सूचना व्यस्थापन प्रणालीको स्थापना गरि सम्पूर्ण बेरोजगार व्यक्तिहरुको तथ्यांकलाई व्यवस्थित गरिने छ ।

१३४. वेरोजगारहरुको ज्ञान, सीप योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीपविकास तालिमको पहिचान गरि सम्बन्धी तालिम केन्द्रमा सिफारिस गरिने छ ।

१३५. स्थानीय स्तरमा रोजगारी सृजनाका लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसंग आवश्यक सहकार्य गरि थप रोजगारी सृजना गरिने छ ।

१३६. बेरोजगार व्यक्तिका लागि बैंक तथा अन्य वित्तीय संस्थामार्फत सहुलियतपूर्ण ऋण उपलव्ध गराउन आवश्यक सहयोग गरिने छ ।

१३७. स्थानीय स्तरमा रोजगारी सृजना गर्नका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गर्दै यस गा.पा. को रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१३८. जन्तेढुङ्गा गाउँपालिकाको रोजगार रणनीति निर्माण गरी लागू गरिने छ ।

१३९. "जन श्रमदान जन्तेढुङ्गाको अभियान" मूल नाराका साथ हप्तामा समुदायलाई नि: शुल्क श्रमदान गरी सामाजिक कार्यमा संलग्न हुन उत्प्रेरित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४०. उत्पादनमा आधारित रोजगारीलाई प्राथमिकता दिइने नीति अवलम्बन गरिनेछ ।

१४१. कोदोको विस्कुट उत्पादन प्याकेजिङ र ब्राण्डिङ गरिनेछ ।

१४२. कोदोको हेडमावा उत्पादन ब्राण्डिङलाई प्रोत्साहन गरिनेछ ।

१४३. जन्तेढुङ्गा गाउँपालिका भित्र रहेका जन्तेढुङ्गा, भानुमति शिर र दोभान, होङ्गा पोखरी, छोङ्खा साकेन्वा, पञ्चकन्या पोखरी, कन्या औतारी, कुइभिर, सोकोपे डाँडा, भञ्ज्याङखर्क, सहिद पार्क उदुङ्खा लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुलाई भौतिक पूर्वाधार तथा प्रचार प्रसार गरि पर्यटन प्रवर्द्धन गरिनेछ ।

## सहकारी/समूह सम्बन्धी नीति तथा कार्यक्रम

१४४. सहकारी/समूह संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेप कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।

१४५. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।

१४६. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी सङ्कलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

१४७. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कार्यान्वयन गरिनेछ ।

१४८. व्यवस्थापकिय क्षमता अभिवृद्धिको लागि तालिम सञ्चालन गरिने छ ।

१४९. सहकारीहरुलाई क्षमता अभिवृद्धि तथा नेतृत्व विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

१५०. सहकारी सञ्चालनलाई कडाइका साथ नियमन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

१५१. सहकारी सँग समन्वय गरि कृषि सँग सम्बन्धित उत्पादनको सङ्कलन एंवम् बजारीकरणको लागि सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

## सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१५२. गाउँपालिका तथा वडा कार्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाइदै लगिनेछ ।

१५३. गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुमा राजस्व सङ्कलनका लागि राजस्व व्यवस्थापन प्रणाली सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।

१५४. सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई Paperless Governance को अवधारणा विकास गरिनेछ।

१५५. जनतामा सूचना सेवा तथा अन्य महत्वपूर्ण जानकारी पुर्याउन सम्भव भएसम्म Bulk SMS मार्फत जानकारी कार्यलाई निरन्तरता दिइनेछ।

१५६. "सुरक्षित सूचना प्रविधि सबैको हातमा, पालिका तपाईको साथमा" भन्ने नाराका साथ गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधि सँग जोड्ने नीतिलाई निरन्तरता गरिनेछ।

१५७. महिला, दलित समुदायलाई सूचना प्रविधिमा पहुँच बढाउनका निम्ति सूचना प्रविधि साक्षरता कार्यक्रम लागू गरिनेछ।

१५८. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाइनेछ।

## न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१५९. हाल सम्म निर्माण भएका ऐन, कार्यविधि, मापदण्ड, निर्देशिका र कानुनहरुलाई नयाँ निर्माण गर्न संशोधन गर्न वा ऐन परिमार्जन गर्न र खारेजी गर्न परामर्श सेवा मार्फत प्रकृया अगाडि बढाइने छ।

१६०. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

१६१. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१६२. मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६३. सामान्य विवाद समाधान वडा स्तरीय मेलमिलाप केन्द्रबाटै गर्न मेलमिलाप कर्तालाई तालिमको व्यवस्था गरिनेछ।

१६४. विभेदमुक्त गाउँपालिका घोषणा गर्ने प्रकृया अवलम्बन गरिनेछ।

१६५. स्थानीय तहलाई आवश्यक ऐन, नियम, कार्यविधिहरुको लागि गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सँग समन्वय गरिने छ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण:

१६६. पञ्जीकरण सम्बन्धी सम्पूर्ण कामहरु अनिवार्य अनलाईन गर्न निरन्तरता दिइनेछ।

१६७. सबै वडाका व्यक्तिगत घटना दर्ता किताब(ढड्डा) लाई डिजिटाईजेशन गरिनेछ।

१६८. सामाजिक सुरक्षा सेवा लिने लाभग्राहीहरुको बायोमेट्रिक लिनको लागि शिविर सञ्चालन गरिने छ।

१६९. अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम.

१७०. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्न उल्लेखित बेरुजुको विवरण अनुसार पेश्की बेरूजु, असुल उपर गर्नु पर्ने बेरुजु र प्रमाण पेश गर्नु पर्नेको हकमा यथासक्य चाँडै पत्रचार गरि बेरुजु फछर्यौट गराइनेछ र अनियमित भएको बेरुजु सुझाव अनुरुप कार्य गरि नियमित गराइनेछ। शून्य बेरुजुको लक्ष्य हाँसिल गर्न जन्तेढुङ्गा गाउँपालिका निरन्तर लागिरहने छ।

१७१. प्रत्येक चौमासिकको आय/व्ययको मास्केवारी, स्वत: प्रकाशन गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

१७२. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१७३. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ।

१७४. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

१७५. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणाली पुर्ण रुपमा लागू गरिनेछ ।

१७६. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

१७७. गाउँपालिका भित्र रहेका असङ्गठीत क्षेत्रका मजदुरहरुको तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७८. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमानयोग्य र नतिजामुखी तुल्याउन मध्यमकालीन खर्च संरचना (MTEF) पद्धतिलाई निरन्तरता दिइनेछ ।

१७९. महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकासँग विविध विषयमा सहयोग आदानप्रदान गर्ने गरी भगिनी सम्बन्ध स्थापित गरी सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१८०. गाउँपालिका अन्तर्गत रहेका संगठित सेवा प्रवाह गर्ने सम्पूर्ण कार्यालय, विद्यालय संघ संस्थामा रहेका सेवा प्रवाहहरुको अनुपस्थित दरलाई शून्य बनाउन कडाइका साथ अनुगमन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१८१. नागरिक र जननिर्वाचित संस्थालाई सेवा प्रवाहमा अवरोध तथा असहयोग गरी सेवा नगर्ने नगराउने कर्मचारी, जनप्रतिनिधि शिक्षकलाई नियम अनुसार द्रुत कारवाही प्रकृया अघि बढाउने नीतिलाई निरन्तरता दिइनेछ ।

१८२. गुनासो र सुझाव पेटिका गुनासो सुन्ने अधिकारीबाट प्रत्येक ३ दिनमा खोलिने व्यवस्था गरिनेछ ।

१८३. कुनै पनि सेवा प्रदायक निकायले गाउँपालिका मार्फत सेवा दिन चाहेमा अनिवार्य रूपमा मौजुदा सूचीमा सूचिकृत हुनु पर्नेछ ।

१८४. जन्तेढुङ्गा गाउँपालिका भित्र रहेका पुराना मेसिन तथा औजारहरु सम्बन्धित प्राविधिकबाट मूल्याङ्कन गरि बिक्री प्रकृया अगाडि बढाइनेछ ।

**वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१८५. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायू उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी बनाइने कार्यलाई निरन्तरता दिइनेछ ।

१८६. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ ।

१८७. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८८. खानेपानीको जटिलतम समस्याको तत्कालिन , अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा हालसञ्चालनमा रहेको जन्तेढुङ्गा खानेपानी आयोजनालाई व्यवस्थित गरि वितरणको व्यवस्था मिलाइनेछ ।

१८९. जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्र रहेका पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।

१९०. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

१९१. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

१९२. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।

१९३. प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न पुनः प्रयोगको लागि प्लाष्टिकजन्य सामग्रीलाई छुट्टै व्यवस्थापन गर्न सामुदायिक वन महासंघ मार्फत चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१९४. उन्नत घाँसको बीउ उपलब्ध गराई विस्तार गरिने छ रैथाने प्रजातिको संरक्षण र प्रबर्द्धन वन सँगको सहकार्यमा विस्तार गरिने छ।

१९५. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न कृषि वन प्रणालिको प्रवर्द्धन र संवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१९६. कफि कृषि वन कार्वन विसर्जन परियोजना सँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१९७. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन कार्यलाई निरन्तरता दिइनेछ।

१९८. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा बृद्धि गरिनेछ।

१९९. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा बृद्धि गरिनेछ।

२००. ढुंगा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

२०१. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

२०२. वन डढेलो तथा आगलागी जस्ता गतिविधिलाई जनचेतनाको माध्यमबाट न्यूनीकरण गरिनेछ।

२०३. वन डढेलो लगाउनेलाई कानुन अनुसार दण्डित गरिनेछ, सोको जानकारी गराउनेलाई पुरस्कृत गरिनेछ ।

**भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ती विकास, विद्युत, सिँचाइ, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

२०४. चिसापानी वजार ढल ढलानको कार्यलाई निरन्तरता दिई सम्पन्न उन्मुख गरिनेछ।

२०५. सडक योजना तयार पर्ने, सडकको वर्गीकरण गर्ने Origin And Destination Survey मार्फत गाउँपालिका भित्रका सडकहरुको वर्गीकरण गरी अन्तर पालिका जोड्ने, अन्तर वडा जोड्ने सडक तथा अन्य वडा स्तरीय सडकको वर्गीकरण गर्ने तथा सडकको क्षेत्राधिकार कायम गरिनेछ।

२०६. उल्लेखित वर्गीकरण अनुसार गर्नुपर्ने योजनाहरुको प्राथमिकीकरण गर्ने, मुख्य रणनीतिक सडक १२ महिना नै सञ्चालन हुने गरि स्तरोन्नति गर्ने तथा अन्तरपालिका जोड्ने सडकको अवस्था सुधार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२०७. सडकको काममा अनिवार्य श्रमदानको व्यवस्था श्रमदान वापत उपभोक्ता समितिद्वारा नाली कटान तथा सोलिङ् गरिने कार्य अनिवार्य गरिनेछ।

२०८. गाउँपालिकाका आर्थिक, सामाजिक, विकासका लागि रणनीतिक महत्वका सबैं सडकहरुलाई स्तरोन्नती गरि वर्षभरि यातायात सन्चालन हुनसक्ने सडक पूर्वाधार विकास गर्नमा जोड दिइनेछ।

२०९. नतिजामुलक योजना कार्यान्वयन र प्रभावकारी योजनागत अनुगमनलाई अवलम्बन गरिनेछ।

२१०. प्रशासकीय तथा प्राविधिक जटिलताका कारण अलि ठुला आयोजनाहरु उपभोक्ता समितिवाट कार्यान्वियन गर्दा व्यवहारिक कठिनाई हुने देखिएकोले रु. २० लाख भन्दा माथिका पूर्वाधार निर्माण योजनाहरु सम्बन्धित वडाको पूर्ण समन्वयनमा प्राविधिक स्टिमेट गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आहवान गरी ठेक्काबाट सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२११. दुई पक्षीय लगानीमा संचालित योजना भने सोहि सम्झौता बमोजिम सञ्चालन गरिनेछ।

२१२. गाउँपालिकाले भूउपयोग क्षेत्र निर्धारण गरिएको क्षेत्रमा वस्ती विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरि आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा सञ्चालन गरिनेछ।

२१३. विगत देखिका निर्माणाधीन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

२१४. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमी व्यवस्थापन तथा भवन

नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाइका साथ लागू गरी सुरक्षित एवं व्यवस्थित संरचना निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२१५. भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ ।

२१६. गाउँपालिका भित्र भू-उपयोग नीति लागू गर्दै जाने नीति लिइनेछ ।

२१७. ट्याक खोली सकेका स्थानीय सडकहरुको सामान्य मर्मत सम्भार "मर्मत सम्भार कोष" बाट गरिने नीति लिइएको छ ।

२१८. धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्रको भौतिक पूर्वाधार तथा व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

२१९. आवश्यकता अनुसार नयाँ सडक ट्याकको निर्माण गरिनेछ ।

२२०. सहिद पार्क उदुङ्खा र होङ्गा पोखरी संरक्षण, सैन्दर्यकरणको निम्ती निजी क्षेत्रलाई पनि आकर्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

२२१. आन्तरिक आय व्यवस्थापनका लागि प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइने छ ।

२२२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार सँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ ।

२२३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशील कर प्रणाली अवलम्बनगरी नागरिकहरु बीच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ ।

२२४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।

२२५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र बहालमा रहनेहरुको अभिलेख अद्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।

२२६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र कृषि जन्य वन पैदवारको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी समन्वय र सहकार्यमा व्यवस्थापन गरिनेछ ।

२२७. करदाताहरुलाई आफूले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने नीति लिइनेछ ।

२२८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।

२२९. गाउँपालिका भित्र सञ्चालन हुने सम्पूर्ण उद्योग तथा व्यवसाय दर्ता र नवीकरणको लागि प्रोत्साहन गरिने नीति लिइनेछ साथै दर्ता र नवीकरण नभएमा दण्ड र जरिवानाको नीति लिइनेछ ।

२३०. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउँदै लगिनेछ।

२३१. वन जन्य निकासीलाई करको दायरामा ल्याइनेछ ।

२३२. सम्पति कर, भुमि कर, बहाल कर नियमित र अनिवार्य गरिने नीति लिइनेछ ।

२३३. सम्पूर्ण निर्यातजन्य उत्पादनलाई करको दायरामा समावेश गरिनेछ ।

**धन्यवाद ।**

२०८२ असाढ, ९ गते मंगलबार

.......................

(अरुणा देवी राई)

गाउँपालिका अध्यक्ष